मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

**सूचना**

संघीयताको महत्वपूर्ण सारः मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसति गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : १४५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख १२ गते शुक्रवार (Friday, April 24. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**निर्माणाधीन पुलमा काम गर्दै मजदुर** : *सुनसरी-मोरङको सीमाना जोड्ने दुहबीस्थित बुढी नदीमाथि निर्माणाधीन पुलमा काम गर्दै मजदुर ।* ***तस्वीर : मोहम्मद सदरुल/रासस***

# लकडाउनको महिना दिन

## स्वास्थ्य परीक्षण कछुवाको गतिमा, दैनिकी कष्टपूर्ण बन्दै

**बिर्तामोड, वैशाख ११।** सरकारले लकडाउन घोषणा गरेको बिहीबार एक महिना पूरा भएको छ । गत चैत ११ गते बिहान ६ बजेदेखि लकडाउन शुरु भएको थियो । त्यसयता प्रहरीले घरबाहिर हिँड्नेलाई पक्राउ गर्दै आएको छ । लकडाउनको समयमा घरबाट निस्कनेलाई प्रहरीले नियन्त्रणमा लिएर केही घण्टा कोरोनाको बारेमा सचेतनात्मक शिक्षा दिएर छाड्ने गरेको छ । यो हाम्रो लागि होइन, आफ्नो र आफ्नो परिवारको लागि हो । त्यसैले घरभित्र नै बस्दिन अनुरोध गर्ने गरेको प्रहरीले जनाएको छ । नेपालमा हालसम्म ४७ जनामा कोरोनाको संक्रमण देखिएको छ भने सात जना निको भएर घर फर्किसकेका छन् ।

अहिले प्रदेश-१ मा सबैभन्दा धेरै कोराना संक्रमित रहेको स्वास्थय तथा जनस्वास्थ्य मन्त्रालयले जनाएको छ । प्रदेश-१ को उदयपुरमा कोराना संक्रमितको संख्या उच्च देखिएको हो । समुदायमा समेत संक्रमण फैलिएको भन्दै संक्रमण तेस्रो चरणमा फैलिएको बताइएको छ । यो अवस्थामा सरकारले एक महिनादेखि मुलुक ठप्प हुनेगरी लकडाउन गरेको छ । लकडाउनको पालना गरिरहेका जनताले भने अब आर्थिक अवस्था जटिल बन्दै गएको भन्दै लकडाउन खुकुलो बनाउन आग्रह गर्न थालेका छन् ।

विश्वमा कोभिड-१९ का संक्रमितको संख्या २६ लाख भन्दा बढी र मृत्यु हुनेको संख्या १ लाख ८५ हजार नाघिसकेको छ । विश्वका धेरैजसो देशहरु लामो समयदेखि लकडाउनको अवस्थामा छन् । यससँगै यस महाव्याधीको आगामी व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा बहस हुन थालेको छ ।

नेपालमा पनि कोरोना संक्रमितको संख्या बढ्दै गइरहेको छ । अब के गर्ने भन्ने विषयमा खासै बहस भएको छैन । लकडाउनका कारण एसईई परीक्षा दिने तयारीमा रहेका लाखौं विद्यार्थी अन्यौलमा परेका छन् भने अन्य विद्यार्थीको समेत पठनपाठन ठप्प हुँदा अन्यौलता सिर्जना भएको छ । बिहान-बेलुका रोजगारीको भरमा जीविकोपार्जन गर्दै आएका मजदुरहरु झनै समस्यामा परेका छन् भने ब्यपार, उद्योग ब्यवसाय ठप्प हुँदा मुलुकको अर्थतन्त्र धरासायी बन्दै गएको छ । लकडाउन लम्बिने सम्भावना प्रबल रहेको प्रधानमन्त्री केपी शर्मा ओलीको अभिब्यक्तिले नै स्पष्ट पारिसकेको छ । यस्तो अवस्थामा अब जनताले लकडाउन उल्लंघन गरे सडकमा निस्कन थाल्ने सम्भावनासमेत बढ्दै गएको छ । पछिल्ला दिनहरुमा झापामा अधिकांश शहरी क्षेत्रमा लकडाउन उल्लंघन गर्नेको संख्या बढ्दै गएको प्रहरीले स्वीकार गरेको छ ।

एक महिनाको अवधिमा लकडाउन लम्ब्याउने बाहेक सरकारले स्वास्थ्य क्षेत्रमा उल्लेख्य काम गर्न नसक्दा जनता आक्रोशित बन्दै गरेका छन् । संक्रमण तेस्रो चरणमा प्रवेश गर्नु र जनताले लकडाउनको उल्लघन गर्ने अवस्था आएमा नेपालमा अवस्था भयावह

*(बाँकी अन्तिम पृष्ठमा)*

## भरुवा बन्दुक बरामद

**पाँचथर, वैशाख ११।** फिदिम नगरपालिका -११ तृतीयास्थित झाडीबाट लोड गरेको एक नाल भरुवा बन्दुक बेवारिसे अवस्थामा प्रहरीले बरामद गरेको छ ।

उक्त स्थानमा झगडा भइरहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी नागिनबाट खटिएको प्रहरीले घटनास्थल नजिकैको झाडीबाट उक्त बन्दुक फेला पारी बरामद गरेको हो ।

घटनामा संलग्न फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## खागोले चिलेर छ जना घाइते

**झापा, वैशाख ११।** गोरखाको शहीद लखन गाउँपालिका-८ बुङकोटस्थित सुनपानीमा खागो (अजिङ्गरजस्तै किरा) ले चिलेर छ जना घाइते भएका छन् । जङ्गलमा गोठाला गएका र घाँसदाउरा काट्न गएका स्थानीय दीपा घर्तीमगर, प्रतिमा अम्गाइँ र बुद्धिराम श्रेष्ठलाई खागोले चिलेको वडाध्यक्ष काँशीनाथ अम्गाइँले जानकारी दिए ।

बाटोमा हिँडिरहेका बेला सोही ठाउँका इन्दिरा अम्गाइँ र उहाँकी तीन वर्षकी छोरीलाई पनि खागोले चिलेर घाइते बनाएको उनले बताए । इन्दिराले आफूहरुलाई खागोले चिलेको फोनमार्फत जानकारी गराएपछि उद्धारका लागि पुगेका उनका बाबु लोलानाथ अम्गाइँलाई पनि खागोले चिलेर घाइते बनाएको वडाध्यक्ष अम्गाइँले जानकारी दिए ।

गम्भीर घाइते चार जनाको गोरखा अस्पतालमा उपचार भइरहेको छ भने एक जनाको बुङकोट स्वास्थ्य चौकीमा उपचार भइरहेको उनले बताए ।

# किन भयो राजपा-समाजवादी एकता ?



**झापा वैशाख ११।** नवगठित जनता समाजवादी पार्टीले पार्टी एकीकरणको सहमतिपत्र निर्वाचन आयोगमा दर्ता गराएको छ । एकीकृत पार्टीका नेताहरुले विहीवार निर्वाचन आयोग पुगेर दल दर्ताको प्रक्रिया अगाडि बढाएका हुन् । योसँगै जनता सामाजवादीको दल दर्ताको प्रक्रिया शुरु भएको छ । आयोगमा जनता समाजवादी पार्टीको सहमतिपत्रको दर्ता नं १३८८ रहेको छ ।

लामो समयदेखि चल्दै आएको चर्चामाझ राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टीबीच बुधवार एकता भएको थियो । एकीकरणका लागि सहमति गरिएको विषयबारे नेताहरूले बिहीवार निर्वाचन आयोगलाई जानकारी गराएका छन् । निर्वाचन आयोगलाई जानकारी गराउन दुवै दलका शीर्षस्थ नेताहरू काठमाण्डौको कान्तिपथस्थित आयोगको मुख्य कार्यालय पुगेका थिए ।

आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले बीबीसी नेपालीलाई भने- उहाँहरूले दुई पार्टीबीच भएको सहमतिबारे आयोगलाई जानकारी गराउनुभयो ।

नयाँ पार्टी दर्ता प्रक्रिया अगाडि बढाउनका लागि अब ४५ दिनभित्र उहाँहरूले आवश्यकता कागजातहरू आयोगमा पेस गर्नुपर्ने हुन्छ ।

सहमतिपत्रमा राजपा अध्यक्ष मण्डलका दुई नेता राजकिशोर यादव र अनिल झाले चाहिँ हस्ताक्षर गरेका छैनन् । त्यसको कारणबारे जिज्ञासा राख्दा राजपा महासचिव तथा प्रवक्ता केशव झाले भने -अरू कारणले होइन । उहाँहरू काठमाण्डौमा उपलब्ध नभएर हस्ताक्षर गर्न नसक्नु भएको हो ।

नयाँ पार्टीको नाम जनता समाजवादी पार्टी नेपाल राख्ने दुई दलबीचको सहमतिपत्रमा उल्लेख छ । चुनाव चिन्ह भने राजपा नेपालले प्रयोग गर्ने छातालाई राख्ने सहमति गरिएको छ भने पार्टीको झण्डा समाजवादीले प्रयोग गर्दै आएको आयातकार आकारमा रातो र हरियो रङ्गको बीचमा तारा हुनेछ ।

**किन भयो एकता ?**

राजनीतिक दल विभाजनलाई सहज बनाउन सरकारले यसै हप्ता अध्यादेश जारी गरेको थियो ।

समाजवादी पार्टी फुट्ने सम्भावनाबारे भइरहेका चर्चाबीच लामो समयदेखि एकताको तयारीमा रहेका भनिएका राजपा र समाजवादी पार्टीले एकता गर्ने निर्णय गरेको कतिपयको भनाइ छ ।

कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रणका लागि सिङ्गो मुलुक एक ठाउँमा उभिनुपर्ने आवश्यकता रहेको अवस्थामा सरकारले ल्याएको अध्यादेशले थाँती रहेको राजनीतिक गतिविधि अघि बढाउन बाध्य पारेको राजपा अध्यक्ष मण्डलका संयोजक शरतसिंह भण्डारीले बीबीसीसँग भने ।

दलहरू विभाजन गर्ने अनि अस्थिरतातर्फ मुलुकलाई लैजाने जुन किसिमको व्यवहार देखियो त्यसलाई तत्काल रोक्नुपर्छ भन्ने हिसाबले हामीले पनि थाँती रहेको राजनीतिक गतिविधिलाई अघि बढाएर टुङ्ग्याएका हौँ ।

**के हुन् एकताका आधार ?**

पार्टी एकीकरण राजनीतिक हिसाबले टुङ्गोमा पुगिसकेको अवस्थामा दुवै पार्टीको एकैखाले पृष्ठभूमि भएको र वैचारिक तथा सैद्धान्तिक हिसाबले पनि एउटै धरातलमा उभिएकाले सँगै अघि बढ्न असहज नहुने भण्डारीको तर्क छ ।

उनले भने -पहिचान र अधिकारका लागि सँगै लडेका पार्टी हुन् । विगतमा निर्वाचन पनि सँगै लडेका पार्टी हौं ।

प्रदेश नं .-२ मा सहकार्य गरेर हाम्रै गठबन्धनको सरकार छ । हामी करिब-करिब एउटै डुङ्गामा हिँडेको पार्टी हुनाले धेरै फरक थिएन । केही व्यवस्थापनका कुराहरू थिए । ती कुराहरूमा सहमति भएपछि सहजै अघि बढ्न सकिने अवस्था भयो ।

अध्यादेशमार्फत संसदीय दल वा पार्टीको केन्द्रीय

*(बाँकी अन्तिम पृष्ठमा)*

## बाख्रा चराउन गएका गोकुल फर्केनन्

**सोलुखुम्बू, वैशाख ११।** सोलुखुम्बूको थुलुङ दूधकोशी गाउँपालिका-७ का ६० बर्षीय गोकुल राई जंगलमा मृत फेला परेका छन् ।

बुधवार बाख्रा चराउन भनी जंगलतर्फ गएका राई बेलुकासम्म पनि घर फर्केर नआएपछि खोजतलास गर्ने क्रममा विहीवार थुलुङ दूधकोशी गाउँपालिका -८ को सनसारी डाँडाको भीरमुनि मृत अवस्थामा फेला परेका हुन् । घटनास्थलमा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूबाट अनुसन्धान अधिकृतसहितको टोली खटि गई कानूनी प्रकृयाका साथै अन्य थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

## गोठमै गाई –गोरु काटेपछि...

**झापा, वैशाख ११।** बाँके, खजुरा गाउँपालिका-८ चमक बस्ने ४० वर्षीय नविबक्स अली दर्जीलाई गाई काटेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ ।

सोही ठाउँ बस्ने ३५ वर्षीय वितन खाँ, ३० वर्षीय नफिस साइ र दर्जी समेत मिलेर गाई काटेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी रनियापुरबाट खटिएको प्रहरीले दर्जीलाई गाईको मासुसहित घटनास्थलबाटै पक्राउ गरेको हो । घटनामा संलग्न वितन र नफिसलाई प्रहरीले खोजी गरिरहेको छ ।

त्यस्तै सिन्धुपाल्चोक, ईन्द्रावती गाउँपालिका-६ सिपाखोला बस्ने ४२ वर्षीय यमबहादुर तामाङलाई गोरु काटेको अभियोगमा बिहीबार बिहान प्रहरीले पक्राउ

*(बाँकी अन्तिम पृष्ठमा)*

# सीमामा प्रहरीको बिजोक

## १४४ किलोमिटरमा २३३ पोस्टमा १५ सय सुरक्षाकर्मी तैनाथ

पार्थ मण्डल

**भद्रपुर, वैशाख ११।** खोलाको बगर र खेतमा बाँस, त्रिपाल र टिनले बनाएको छाप्रो जस्तो अस्थायी प्रहरी पोस्ट । त्यही प्रहरी पोस्टमा खटिएका छन् सशस्त्र प्रहरी र नेपाल प्रहरी ।

भारतबाट कोरोना भाइरस नेपाल भित्रिन नदिन गृह मन्त्रालयको निर्देशन बमोजिम उनीहरू चौबीसै घण्टा सीमामा तैनाथ छन् ।

तर, सीमामा खटिएका सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई अहिले मौसमले सताइरहेको छ । दैनिकजसो हावाहुरी, चट्याङ, असिना पानी पर्न थालेपछि छाप्रो जस्तो अस्थायी प्रहरी पोस्टमा दुःखले उनीहरू सीमा सुरक्षा गरिरहेका छन् । हावाहुरीले पोस्ट उडाउने, बस्ने ठाउँमा पानी पस्ने, चट्याङ पर्ने जस्ता समस्याका बीच उनीहरू देशका जनताका लागि सीमामा तैनाथ छन् ।



हावाहुरी र पानीका बीच उनीहरू पोस्ट छाडेर गएका छैनन् । हावाहुरी, चट्याङ र पानीले गर्दा सीमामा खटिएका प्रहरीलाई समस्या भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका एसपी कृष्णप्रसाद कोइरालाले बताए ।

हावाहुरीले पोस्ट उडाउने, बस्ने ठाउँमा पानी छिर्ने जस्ता समस्या अस्थायी पोस्ट देखिएको छ- एसपी कोइरालाले भने -यस्तो समस्याका बाबजुद पनि प्रहरी कर्मचारीहरू चौबीसै घण्टा खटिएका छन् । उनीहरूको अवस्था बुझ्न हामीले निरन्तर सम्पर्क गरिरहेका छौ ।

'प्रहरी बस्ने ठाउँ व्यवस्थित छैन- उनले भने- 'खोला किनार, बगर, खेत, चिया बगान जस्ता ठाउँमा बाँस, त्रिपाल, टिनले छाप्रो बनाएर प्रहरीलाई राखिएको छ ।' 'सीमामा खटिएका प्रहरीका लागि टेण्ट चाहिन्छ, त्यसको व्यवस्थापनका लागि विभिन्न दाताहरूले सहयोग गरिरहेका छन्'- उनले भने ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# पत्रकारलाई सहयोग



**बुधबारे, बैशाख ११।** कोरोना भाइरस (कोभिड १९ ) को जोखिमको बेला कार्यक्षेत्रमा सक्रिय पत्रकारहरूको सुरक्षाका लागि बुधबारे जेसीजले मास्क, सेनिटाइजर र ग्लोब्स वितरण गरेको छ ।

बुधबारे जेसीजले बुद्धशान्ति प्रेस क्लबमा आवद्ध १८ जनाभन्दा बढी पत्रकारलाई मास्क, सेनिटाइजर र ग्लोब्स वितरण गरेको हो । उक्त सामाग्री बुद्धशान्ति प्रेस क्लबका अध्यक्ष अनिल वाग्लेलाई बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याम्फु राई, निबर्तमान अध्यक्ष हेमन्त बराल र कार्यकारीणि उपाध्यक्ष गजुहाङ योङयाङले संयुक्त रुपमा हस्तान्तरण गरेका थिए ।

विश्वभर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९ ) ले श्रृजना गरेको विश्व माहामारीको कारण नेपाल सरकारले गत चैत्र ११ गतेदेखि लकडाउन गरेसँगै जनतालाई सूचना दिन जोखिम मोल्दै दिनरात खटिने पत्रकारको स्वास्थलाई राज्यका कुनै तहले वास्ता नगरी रहेको अवस्थामा थोरै भएपनि राहत मिलोस् भन्दै स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको बुधबारे जेसीजका अध्यक्ष राईले बताए । जेसीजले १८ जना पत्रकारलाई एक/एक थान सेनिटाइजर, ५/५ थान माक्स र ग्लोब्स वितरण गरेको हो । सामाग्री हस्तान्तरणमा प्रेस क्लबका उपाध्यक्ष आयुष निरौला, सचिव दिपेन लावती, सहसचिव रोसन भट्टराई , कोषाध्यक्ष नबिना कुइँकेल लगायतको सहभागिता रहेको थियो ।

# खाद्यान्नको मूल्यवृद्धि, दोष कसको ?

**झापा, वैशाख ११।** लकडाउन घोषणाको एक महिना बित्दा बजारमा चामल, दाल, मैदा, तेललगायत खाद्य सामग्रीको मूल्य बढेको छ । तरकारीको भाउ लकडाउन पहिलेकै अवस्थामा आए पनि खाद्यवस्तुको मूल्य बढेको उपभोक्ताको गुनासो छ । बजारमा चामलको मूल्य प्रतिकिलो रु चार/पाँच, तेलको रु. १५ देखि २५, मैदा रु. तीन/चारसम्म बढेको उपभोक्ता अधिकारका क्षेत्रमा कार्यरत बताउँछन् । बजारमा खाद्यान्नको भाउ बढ्नुको कारण खुद्रा व्यापारी थोक आयातकर्तालाई देखाउने गरेका छन् भने थोक आयातकर्ताले उद्योगबाट आउँदै भाउ बढेको बताएका छन् ।

लकडाउन समयमा उपभोक्ता मूल्यमात्रै नभएर गुणस्तर र नापतौलमा ठगिएको उपभोक्ता हित अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले बताए । यो समयमा बजारमा खाद्यान्न कम आएको भन्दै म्याद सकिएका सामानसमेत बिक्री हुनसक्ने भएकाले सरकार चनाखो हुनुपर्ने उनले बताए । सरकारले खाद्यान्नको आपूर्तिमा कुनै रोकावट नहुने भने पनि विभिन्न स्थानमा पानी, दूधलगायत खाद्यान्न बोक्ने गाडी नै रोकेको पनि उनले बताए । कतिपय स्थानमा स्थानीयवासीले अन्यत्रका मानिस आउन नपाउँन् भनी बाँस राख्ने त कतै पुल रोक्ने काम गरेका छन् । उनले भने -यसले गर्दा पनि खाद्यान्नको आयातमा नै समस्या आइरहेको छ ।

विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को रोकथामका लागि सरकारले गरेको लकडाउनमा पनि सरकारले बजारको नियमित अनुमगन गर्नुपर्ने उनको भनाइ छ । केन्द्रमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागसँगको समन्वयमा प्रदेश सरकार र स्थानीय सरकारले अनुगमन गर्नुपर्ने भए पनि त्यो नभएको उनको भनाइ छ ।



सरकारकै एउटा मन्त्रालय र अर्को मन्त्रालय र तीन तहबीच आपसी समन्वयमा मात्रै बजार नियमित अनुगमन र गल्ती भएमा कारवाही हुनसक्ने उनले बताए । उनले भने -अहिले पनि गृह मन्त्रालयले यी-यी गाडी चल्न पाउने भनी अनुमति दिएकामा स्थानीय सरकारले रोकेको पाइएको छ ।

खाद्यान्नको पसल खुल्ने समय एउटै नहुँदा उपभोक्तामा अन्यौल देखिएको छ । एउटै पालिकाभित्र पनि कुनै वडाले बिहान ६ देखि ८ र अर्को वडाले ६ देखि ९ सम्म खोलेको पाइन्छ । कतिपय स्थानमा बिहान मात्रै बजार खोल्ने गरेको त कतिपय स्थानमा बिहान र बेलुका दुवै समयमा खोलेको पाइएको उनले बताए । बिहान एउटा समयमा र थोरै समयका लागि मात्रै पसल खोलिएका स्थानमा उपभोक्ताको भीडभाड बढी पाइएको उनले बताए । उपभोक्तालाई दुई घण्टा भित्रैमा दूध, तरकारी, दाल, चामल किन्नुपर्दा एकातिर भ्याइनभ्याइ हुने गरेको छ भने अर्कातिर बजारमा पनि भीडभाड भएको पाइन्छ । तरकारी र फलफूललगायत छिटो बिग्रने कुरा बेच्न नपाउँदा पसलमै बिग्रिएको व्यापारीले गुनासो गरेका छन् । बिहान साँझ नै तीन-तीन घण्टाका लागि बजार खोल्दा भीड कम हुने उनले बताए । उनले भने -यसले गर्दा उपभोक्ता र व्यापारी दुवैका लागि सजिलो हुन्थ्यो ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक दीपकराज पोखरेलले खाद्यान्नको मूल्य केही बढे पनि तरकारी र फलफूलको मूल्य कम भइरहेको बताए । अहिले ढुवानीको खर्च बढेकाले दाल, चामल र तेलको मूल्य लकडाउन पहिलेभन्दा अहिले बढेको हुनसक्ने उनले बताए । अझै पनि व्यापारीले तेकिएको मूल्य सूचीभन्दा बढी नलिएको उनको भनाइ छ । पहिले तेल, चामललगायत खाद्यान्न मूल्य सूचीभन्दा कममा बिक्री गर्ने गरेकाले पनि उपभोक्तालाई मूल्य बढेको लाग्ने उनले बताए । उनले भने -पहिलेपहिले तेलको प्याकेटमै रु. १८० लेखिएको भए पनि रु. १४० मा दिने तर अहिले उद्योगबाटै बढेकाले रु. १७० सम्म लिएको पाइएको छ ।

विभागले दैनिक विभिन्न स्थानमा अनुगमन गरेर कुनै गल्ती पाइएमा कारवाही गरिरहेको निर्देशक पोखरेलले बताए । विभागले लकडाउनकै अवधिमा तोकिएभन्दा बढी मूल्यमा मासु बिक्री गरेको भन्दै पाँच मासु पसललाई कारवाही गरेको छ ।

त्यस्तै, किराना पसलले पनि तोकिएभन्दा बढी मूल्य लिएर बिक्री गरेको पाइएका स्थानमा कारवाही भइरहेको उनले बताए । विभागले उपभोक्ताको गुनासो सुन्नका लागि कल सेन्टर स्थापना गरेको छ । जसमा सबैभन्दा बढी राहतसम्बन्धी गुनासो आइरहेको छ । उनले भने -त्यससँगै खाद्यान्नको पनि मूल्य पहिलेभन्दा बढेको गुनासो आइरहेको छ ।

लकडाउनको एक महिना बित्दा बजारमा अहिले तरकारी र फलफूलको मूल्य भने ह्वात्तै घटेको छ । लकडाउनको एक साता पहिलेदेखि नै तरकारी र फलफूलको भाउ बढिरहेको थियो । लकडाउनको एक सातापछि बजारमा गोलभेडा प्रतिकिलो १३० सम्ममा बिक्री हुन थाल्यो । अहिले कागतीबाहेक अधिकांश तरकारीको मूल्य कम भएको छ । लकडाउनसँगै काठमाडौं उपत्यकाका काँठ क्षेत्र र उपत्यका नजिककै जिल्लाबाट तरकारी ढुवानी हुन नसक्दा उपत्यकामा भाउ बढेको थियो । अहिले किसानले खेतबारीमा उसै खेर जानुभन्दा सस्तो मूल्यमा बिक्री गरेको अध्यक्ष तिमल्सिनाले बताए । उनले भने -अहिले गोलभेडा किलोको रु. ३०/३५ छ भने अरु तरकारी पनि घटेको छ ।.

# कोरोनाविरुद्ध झापाका नगर प्रमुख जुटे

लक्ष्मी उप्रेती

**काँकरभिट्टा, वैशाख ११।** झापाका आठवटा नगरपालिकाका नगर प्रमुखहरुले विश्वव्यापीरुपमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको सम्भाव्य संक्रमणको रोकथाम र नियन्त्रण गर्न तथा त्यसबाट उत्पन्न परिस्थितिका बारेमा एकताबद्धरुपमा अघि बढ्ने भन्दैं १४ बुँदे साझा सहमति गरेका छन् ।

मेचीनगर नगरपालिकाको संयोजनमा विहीवार आयोजित नगर प्रमुखहरुको भेलाले नेपाल सरकारबाट २०७६ साल चैत ११ गतेदेखि लकडाउन बन्दाबन्दीको घोषणा भई कार्यान्वयनमा रहेको अवस्थामा कोरोना भाइरसको सम्भाव्य संक्रमण नियन्त्रण र व्यवस्थापन गर्न आ आफ्ना नगरपालिकाको अवस्था समीक्षा गरी सकेसम्म एकरुपता हुने गरी कार्यान्वयन गर्न सहमति भएको निर्णय गरेको छ ।

नगर प्रमुखहरुको भेलामा कोरोनाभाइरस संक्रमण नियन्त्रणका लागि हाल कार्यान्वयनमा रहेको लकडाउनलाई प्रभावकारी बनाउन खाद्यान्न तथा सागसब्जी पसल खोल्ने समय तालिका अझ व्यावहारिक बनाउने, सबै पालिकाभित्र खाद्यान्न अभाव हुन नदिन नगरपालिकाभित्र रहेको खाद्य उद्योग सञ्चालनको लागि मापदण्ड तयार गरी उद्योग सञ्चालनका लागि सहजीकरण गर्ने साझा सहमति गरेको छ । त्यस्तै लामो समयसम्म लकडाउन जारी रहेमा खाद्य संकट सिर्जना हुन सक्ने भएको तर्फ सचेत रही खाद्यान्न वालीका लागि इन्धन र वीऊको व्यवस्थापन गर्न तथा नगदेबाली : चिया बगान र उद्योग सञ्चालनको मापदण्ड तयार गरी सञ्चालन गर्न सहजीकरण र समन्वय गर्ने, कृषकहरुलाई आवश्यकताअनुसार कृषि मल उपलब्ध गराउन साल्ट ट्रेडिङ्ग र नेशनल ट्रेडिङ्ग लिमिटेडसँग समन्वय गरी मागको आधारमा आपूर्ति व्यवस्था मिलाउने र सोको व्यवस्थापनको लागि १ नं. प्रदेश सरकारलाई अनुरोध गर्ने साझा सहमति भएको छ ।

यसैगरी, स्वास्थ्यकर्मीको लागि पर्याप्त स्वास्थ्य सुरक्षा सामग्री खरिद व्यवस्था गर्न कठिनाइ भइरहेकोमा व्यवस्थापनको लागि प्रदेश तथा नेपाल सरकारसमक्ष अनुरोध गर्ने, आरटिडी तथा पीसीआर को समेत पर्याप्त व्यवस्थापन गर्न सहयोगका लागि सबैले सम्बद्ध निकायमा सामुहिकरुपमा पहल गर्ने साझा सहमति भएको छ । त्यस्तै आपतकालीन राहत वितरणको कार्यलाई व्यवस्थापन गर्न एकद्वार वितरण प्रणाली अपनाउने, गाउँवस्तीसम्म अत्यावश्यक खाद्य सामाग्री विक्री वितरण गर्न निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने, आपतकालीन अवस्थामा खाद्यसामाग्री वडा तथा टोल वस्तीमा स्थानीय स्तरमै स्वव्यवस्थापन गर्न वडा समिति र टोल विकास संस्थाहरुलाई प्रेरित गर्ने, काठमाडौ लगायत देशका विभिन्न स्थानबाट आफ्ना नगरबासीको उद्धार गरी आ आफ्ना पालिकामा ल्याउने सम्बन्धमा आगामी २०७७ बैशाख १६ गतेका दिनको ११.०० बजे विर्तामोड नगरपालिकामा बस्ने बैठकपछि निर्णय भए अनुसार मात्र गर्ने सहमति भएको छ । त्यस्तै दमक, काँकरभिट्टा लगायतका झापा प्रवेश गर्ने नाकाबाट आउने सम्भाव्य संक्रमित सवारी साधन र मानिसहरुको प्रवेशमा सम्बद्ध पालिकाले उच्च सतर्कता अपनाउने, कोरोनाभाइरसको सम्भाव्य संक्रमणको रोकथाम र नियन्त्रणको काममा पालिकाहरुबाट सम्पादन भइरहेको कार्यमा सहयोग गर्ने प्रमुख जिल्ला अधिकारी, सुरक्षाकर्मी, राजनीतिक दल, पत्रकार, निजी क्षेत्र, नागरिक समाज, स्वास्थ्यकमी तथा राष्ट्रसेवक कर्मचारीहरुलगायत सम्बद्ध सबैलाई धन्यबाद ज्ञापन गर्ने निर्णय समेत भेलाले निर्णय गरेको छ ।

कोरोना भाइरसको सम्भाव्य संक्रमण रोकथाम तथा नियन्त्रणको काममा संलग्न सुरक्षकर्मी तथा सञ्चारकर्मीको आवश्यक सुरक्षा सामग्री व्यवस्थापन गर्न १ नम्बर प्रदेश सरकार र नेपाल सरकार समक्ष अनुरोध गर्ने र झापा जिल्लाभरिका स्थानीय तहहरुवीच हालको कोरोनाभाइरसको सम्भाव्य संक्रमणको रोकथाम र नियन्त्रणको कार्यमा प्रभावकारी तवरले एकरुपता कायम हुने गरी व्यवस्थापन गर्न पारस्परिक सहकार्य र समन्वयको कार्यलाई निरन्तरता दिने नगर प्रमुखहरुको भेलाले निर्णय गरेको छ ।

भेलामा मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती, विर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटी, भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठ, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, शिवसताक्षी नगरपालिकका प्रमुख चन्द्रकुमार शेर्मा उपप्रमुख भोजकुमारी दाहाल, दमक नगरपालिकाका प्रमुख रोमनाथ ओली गौरादह नगरपालिकाका प्रमुख रोहितकुमार साहको सहभागिता रहेको थियो ।

# शिक्षक परिषद्को सहयोग

**भद्रपुर, वैशाख ११।** कचनकवल गाउँपालिकाको कोरोना प्रकोप व्यवस्थापन कोषमा नेपाल शिक्षक परिषद् कचनकवलले ७१ हजार रुपैयाँको चामल सहयोग गरेको छ ।

विश्वभर महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सरकारले लगाएको लकडाउनमा गाउँपालिकाका असहाय तथा विपन्न, मजदुर परिवारलाई राहत उपलब्ध गराउन बनाइएको गाउँपालिकाको कोषमा शिक्षक परिषद्ले १४ सय २० केजी चामल सहयोग गरेको हो ।

शिक्षक परिषद्का अध्यक्ष फाल्गुनी लालसिंह राजवंशीको नेतृत्वमा गएको शिक्षकहरूको टोलीले गाउँपालिकाका अध्यक्ष अञ्जार आलमलाई चामल हस्तान्तरण गरेका थिए ।

परिषद्मा आबद्ध गाउँपालिकामा कार्यरत् शिक्षकहरूले तलबबाट सो रकम सङ्कलन गरी गाउँपालिकाको कोषमा सहयोग गरेको बताइएको छ ।


## सस्तोमा घडेरी विक्री

झापाको बिर्तामोड-१, देवी पञ्चकन्या प्लटिङको उत्तरमा एक कठ्ठा आकर्षक घडेरी सस्तो मूल्यमा विक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तत्काल सोझै सम्पर्क गर्नुहोला । मूल्य रु.४७ लाख मात्र ।

सम्पर्कः ९८२३७२६९७९








## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)







## लकडाउन...

हुन सक्ने आंकलन चिकित्सकहरुले गरेका छन् । यस्तो अवस्थामा राज्यले जनताको जीवन सहज हुने किसिमका कार्यक्रम ल्याउन जरुरी छ भने स्वास्थ्य परीक्षणलाई थप प्रभावकारी बनाएर छिटो लकडाउन आन्तिरिक रुपमा खोल्ने वातावरण बनाउन जरुरी रहेको छ ।

हरेक टोल-टोलमा स्वास्थ्य परीक्षण गर्नुपर्ने अहिलेको टड्कारो अवस्थामा स्वास्थ्य परीक्षण कछुवाको गतिमा अघि बढ्दा जनताको दैनिकी कष्टपूर्ण बन्दै गएको छ । यो अवस्थामा तीनवटै सरकारले जनताको स्वास्थ्य प्रति सजगबन्दै अगाडी बढ्न जरुरी छ ।

## गोठमै...

गरेको छ । सोही ठाउँ बस्ने सार्की भन्ने लालबहादुर बम्जनको गोठमा गोरु काटिरहेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय नवलपुरबाट खटिएको प्रहरीले गोरुको मासु र गोरु काट्न प्रयोग भएको बञ्चरो तथा खुकुरीसहित तामाङलाई पक्राउ गरेको हो । घटनामा संलग्न लालबहादुर र सोही ठाउँ बस्ने बिष्णे तामाङको खोजी गरिरहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## किन ....

समितिमध्ये एउटामा ४० प्रतिशत सांसदको समर्थन भए पार्टी विभाजन गरेर नयाँ गठन हुनसक्ने व्यवस्था भएसँगै समाजवादी पार्टीलाई फुट्नबाट जोगाउनका लागि दुई दलको एकाएक एकीकरण भएको कतिपयको अनुमान छ ।

**किन समेटिएनन् सबै नेता?**

तर उक्त राजनीतिक निर्णयको सहमतिपत्रमा राजपाका दुई शीर्ष नेता राजकिशोर यादव र अनिलकुमार झाले हस्ताक्षर गरेका छैनन् ।

भण्डारीले भने सहमतिकै आधारमा राजपाकातर्फबाट अध्यक्ष मण्डलका तर्फबाट आफूसहित महन्थ ठाकुर, राजेन्द्र महतो र महेन्द्र राय यादव बैठकमा सहभागी भएर निर्णय गरेको दाबी गरेका छन् ।

उहाँहरूको सल्लाह र सहमतिकै आधारमा यो कुरा अगाडि बढेको छ- भण्डारीले भने । वैधानिक कुराहरू अघि बढ्नासाथ दुवै दलका अध्यक्ष मण्डल र आ-आफ्ना दलका केन्द्रीय समितिको सहमति र निर्णय लगायतका आवश्यक कानुनी प्रक्रिया सुरु हुनेछ ।

समाजवादी पार्टीकातर्फबाट सङ्घीय परिषद् अध्यक्ष बाबुराम भट्टराईसहित उपेन्द्र यादव, अशोक राई र राजेन्द्र श्रेष्ठले सहमतिमा हस्ताक्षर गरेका छन् ।

उता समाजवादी पार्टी फुटको सँघारमा रहेको विषय भने बिहीवार बिहानसम्म पुष्टि हुन सकेको छैन । जनता समाजवादी पार्टी नेपाल निर्वाचन आयोगमा पहिले दर्ता भएको खण्डमा सो पार्टी फुटाउन सहज नहुने जानकारहरू बताँउछन् । नवगठित पार्टी आधिकारिक रूपमा दर्ता हुनुअघि समाजवादी पार्टी टुक्र्याउन भने सातजना सांसदको आवश्यकता पर्नेछ । दुवै पार्टीका नेता कार्यकर्ता सँगै रहेको दाबी गर्दै टुटफुटको सम्भावना नरहेको भण्डारीलाई उद्धृत गर्दै वीवीसीले जनाएको छ ।

## सीमामा...

धेरै ठाउँमा हावाहुरीले पोस्ट उडाएको छ, पानीमा भिज्दै प्रहरी खटिएका छन् । कतिपय स्थानमा प्रहरी पुग्ने बाटो छैनन् उनीहरूलाई खाना पुर्‍याउन पनि समस्या छ । खानेपानी, बिजुलीबत्ति, अन्य खानेकुराको व्यवस्थापन पोस्टमा नहुँदा समस्या भइरहेको एक प्रहरी कर्मचारी बताउँछन् । उनले भने- 'त्रिपालले छापेर बसिरहेका छौं, हावाहुरीले कतिखेर पोस्ट उडाउँछ थाहा हुँदैन, तर ड्युटी छाडेर गएका छैनौं ।' उता सशस्त्र प्रहरी बल २ नम्बर गण झापाका एसपी रेसमकुमार थक्सूले सीमामा खटिने सशस्त्र प्रहरीलाई मौसमले चुनौति दिइरहेको बताए । सीमामा खटिएका सशस्त्र प्रहरी बस्ने अस्थायी पोस्ट हावाहुरीले उडाउने त्रास त्यतिकै छ, पानी पर्दा उनीहरूले थप समस्या र चुनौतिको सामना गर्नुपर्ने हुन्छ- उनले भने । उनका अनुसार ड्युटीमा खटिएका सशस्त्र प्रहरीको अवस्था बुझ्न नजिकै पर्ने विओपीहरुलाई निर्देशन दिइसकेका छौं, उनीहरूलाई चाहिने खाना, पानी लगायत अन्य कुराको व्यवस्थापन त्यहीबाटै गरिरहेका छौँ । छिमेकी मुलुक भारतमा कोभिड- १९ (कोरोना भाइरस) तीव्र गतिमा फैलिरहेको छ । भारतको विहार तथा बङ्गाल राज्यसँग जोडिएको खुल्ला सीमाना झापामा १४४ किलोमिटर पर्छ । जिल्लाका १५ वटा स्थानीय तहमध्ये उत्तरको तिरीङ्गदेखि दक्षिणको गौरीगञ्जसम्मको सीमा नाकासँग मेचीनगर नगरपालिका, भद्रपुर नगरपालिका, कचनकवल गाउँपालिका, झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिका जोडिएको छ ।

सीमा नाकासँग जोडिएको पालिका र स्थानीयको सहकार्य तथा समन्वयमा झापाका प्रहरी, प्रशासन प्रमुखले सीमा क्षेत्रमा ठूलो सङ्ख्यामा सुरक्षाकर्मी खटाएका छन् । ७ सय मिटरदेखि १ किलोमिटरको दुरीमा सुरक्षाकर्मी खटिएका छन् ।

**१४४ किलोमिटरमा २३३ पोस्ट**

भारतबाट नेपाल, नेपालबाट भारत मानिस आवतजावत गर्न नदिन जिल्लाका पाँच वटा मुख्य नाकासँगै अहिले चोर बाटाहरूमा सशस्त्र प्रहरी र नेपाल प्रहरी खटिएका छन् । १४४ किलोमिटरको खुल्ला सीमा क्षेत्रमा सशस्त्र प्रहरी र नेपाल प्रहरीले करिब १५ सय सुरक्षाकर्मी तैनाथ गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाले करिब ४ सय ७५ प्रहरी सीमामा खटाएका छन् । गौंडा अर्थात् चोर बाटाहरूको पहिचान गरी प्रहरी कार्यालय झापाले १०५ वटा छाप्रो बनाएर प्रहरी परिचालन गरेको प्रहरी कार्यालय झापाका डिएसपी महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

जिल्लामा इलाका, वडा, सीमा र चौकी गरी २९ वटा प्रहरी कार्यालय रहेको जानकारी गराउँदै डिएसपी श्रेष्ठले भने- 'प्रदेशबाट थप जनशक्ति जिल्लालाई पठाएपछि सीमामा १०५ वटा पोस्ट बनाएका छौं । स्थानीय तह र स्थानीयसँग समन्वय गरी चौबीसै घण्टा प्रहरी खटाइएका छौ ।'

त्यस्तै सशस्त्र प्रहरी बल २ नम्बर गण झापाले सीमा क्षेत्रमा १२८ वटा अस्थायी पोस्ट निर्माण गरेको छ । त्यसमध्ये २२ वटा फरवाड पोस्ट रहेको छ । प्रदेशबाट ४७५ थप जनशक्ति थपिएपछि उनीहरूसँगै ९३४ जनालाई सीमा नाकामा खटाइएको सशस्त्रका एसपी रेसमकुमार थक्सूले जानकारी दिए । उनका अनुसार जिल्लामा ८ वटा स्थायी विओपी रहेको छ ।

**१२ इन्स्पेक्टर खटिए**

नेपाल प्रहरी र सशस्त्र प्रहरीले सीमा सुरक्षालाई कडाइ गर्न १२ जना इन्स्पेक्टर खटाएका छन् । प्रहरी कार्यालय झापाले पाँच जना र सशस्त्र प्रहरी बल २ नम्बर गण झापाले सात जना गरी १२ जना इन्स्पेक्टरलाई सीमा क्षेत्रमा थप परिचालन गरेको बताइएको छ । प्रहरी कार्यालय झापाले पृथ्वीनगर, कोरोबारी, पथरिया, नकलबन्दा र कुमरखोदमा इन्स्पेक्टर खटाएको डिएसपी महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

त्यस्तै सशस्त्र प्रहरीले बाहुण्डागी, भद्रपुर, महेशपुर, पाठामारी, पन्तपाडा, कुञ्जीवारिको आमगाँछी र गौरीगञ्जमा इन्स्पेक्टर खटाएको छ ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# सहाय आफैं बनिऔं

**मुलुक इतिहासमै पहिलोपटक लकडाउनमा परेको छ। यो पनि एक महिना पूरा भइसक्यो। विश्व स्वास्थ्य संगठनले लकडाउनको अबधि अझै बढाउन सुझाब दिएको छ। हामीकहाँ कोरोना संक्रमितको संख्या दिनहुँ बढ्ने क्रममा रहेकाले लकडाउन समाप्त हुने सम्भावना छैन। अझ यतिखेर १ नम्बर प्रदेशमा संक्रमितको संख्या उच्च रहेका कारण हामी जोखिम मै छौं। उदयपुर जिल्लाको मदरसामा बसेका र त्यस नजिकका बस्तीका बासिन्दामा भाइरस पुष्टि भएपछि उक्त जिल्लालाई कडा निगरानीमा राखिएको प्रदेश सरकारले जनाएको छ। यस हिसाबले पनि लकडाउन तत्काल फिर्ता हुने अपेक्षा गर्न सकिँदैन।**

**एक महिनाको अबधि घरभित्र थुनिएर बस्नु कठीन हुँदो रहेछ। बिना काम डुलेर दिन बिताउनेहरुका लागि लकडाउन सजाय जस्तै भएको प्रहरीले गरेको कारबाहीले देखाइरहेको छ। बालबालिकालाई घरभित्रको बसाइ पट्यार लाग्दो भएर आमाहरूलाई रोकेर राख्न गाह्रो भइरहेको छ। अनि पनि आत्मरक्षाको एक मात्र उपाय भएकाले लकडाउन स्वीकृत नै छ। यस अबधिमा घर बाहिर हुनेहरू भने दोहोरो पीडा भोग्न बाध्य छन्। एकातिर परदेशमा हातमुख जोर्न समस्या र अर्कातिर घर र परिबारको चिन्ता। काम र मजदुरीका लागि देशकै शहर बजारमा रहेकाहरू पैदलै हिंडेर घरसम्मको लामो यात्रा तय गर्न तयार भए। सर्वोच्च अदालतले घर जान चाहनेलाई सवारी साधनको व्यवस्था गरी गन्तव्यसम्म निःशुल्क पुर्‍याउन आदेश दिएपछि भने बाँकी रहेकाले केही राहत महशुस गरे। जुन क्रम अझै जारी छ, तर यही कारण संक्रमण बिस्तारको बाहक नबनियोस् यसतर्फ सजग हुनै पर्छ।**

**काम र मामको खोजीमा घर छाड्नेहरूले खानै नपाएर जोखिमपूर्ण यात्रामा जानु परेको बताएका छन्। तर प्रधानमन्त्रीले राहत वितरणमा अस्सी करोड खर्च भइसकेको बताएका छन्। कूल तीन करोड जनसंख्या भएको देशमा सबैलाई राहत दिंदा पनि टाउकोमा पर्ने पैसाले जीवनभरी सुतेरै खान पुग्छ। तर राहत पाएकाहरू कसैले दुई चार किलो चामल, एक पोका नुन र एकाधले दालसम्म पाएको बताएका छन्। कतै खान अयोग्य, गुणस्तरहीन भएको भन्दै राहत फिर्ता गरेपछि स्थानीय सरकार प्रमुखसहितका जनप्रतिनिधि पक्राउ परेका छन्। बिपन्न वर्ग आहत छ, ब्यापारी ऋणको भारी र बैंकको चर्को ब्याज बुझाउन नसकेर मानसिक पीडामा छन्। यद्यपि यो दैवी बिपत्ति हो जसको समाधान समृद्ध राष्ट्रहरूले पनि खोज्न सकेका छैनन्। त्यसैले हामी जस्ता निरूपायले सबै असुबिधा र अभाव व्यहोरेर पनि धैर्य गर्नै पर्छ।**

**देशको सारा शक्ति र सामर्थ्य यो अनपेक्षित महामारी बिरूद्धको युद्धमा लगाउनु पर्ने बेला सरकार भने राजनीतिक शक्ति सञ्चय गर्ने खेलमा लागेको छ। भोकले पीडितलाई अन्न बोकेर बाँड्न जानेहरूलाई हतोत्साहित गर्दैछ। घर फिर्ता पठाउने नाममा भौतिक दुरी र शर्त समेत पूरा नगरेको टिप्पणी भएको छ। राहतको नाममा अपचलन हुन्छ कि आशंका जन्मिएको छ। जनप्रतिनिधिको नियतमाथि अविश्वास गर्ने घटना पनि सार्वजनिक भएका छन्। प्रधानमन्त्री स्वयम् आलोचित बनेको यो समय बास्तवमै जनता आफैँ सुसूचित र अग्रसर हुनु पर्छ। अन्यथा भौतिकरूपले जनताको सहाय बनेर कोही आउँदैन। त्यसैले कोरोनाले महामारीको रूप नलियोस् हामी सबैले सावधान रहेर धीरतापूर्वक पाइला टेक्नुपर्छ।**

# लोकतन्त्र बिरोधी खेल



कृष्ण हुमागाँई

नेपाली काँग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा भएको दोस्रो जनआन्दोलनमा पचासौं लाख मानिस एकैदिन देशभरका सडकमा उत्रिएपछि २०६३ साल बैशाख ११ गते संसद् पुनःस्थापनासहित जनताले अधिकार पाएका थिए। यसैले यस दिनलाई लोकतन्त्र दिवसका रुपमा मनाउने गरिएको छ। उन्नाईस दिने जनआन्दोलनको बलमा लोकतन्त्र स्थापना भएको दिनको सम्झनामा विहीवार १४ औं लोकतन्त्र दिवस मनाइएको छ।

भारतीय कुटनीतिक दूत करणसिंहको समन्वयमा तत्कालीन राजा ज्ञानेन्द्रले बैशाख ८ गते शाही घोषणामार्फत आन्दोलनको राप घटाउने प्रयास गरेका थिए। तर, नेपाली जनताले शाही घोषणा धोका हो भन्दै नेताहरुलाई दवाव दिइरहेपछि ज्ञानेन्द्र जनताको नासो जनतालाई नै फिर्ता गर्न हामी तयार छौं। अबको राजनीति सात राजनीतिक दलको मार्गचित्र अनुसार अघि बढ्छ भन्ने घोषणा गर्न बाध्य भएका थिए।

बि. सं. २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्र बिरबिक्रम शाहदेवको वंश बिनास हुने गरी भएको नारायणहिटी हत्याकाण्ड पश्चात नयाँ राजाकारुपमा व्यापारिक घरानाका तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र बिरबिक्रम शाहको संवैधानिकरुपमै उदय भयो। दिवंगत राजा वीरेन्द्रका माइला भाइ ज्ञानेन्द्रले जब सत्ता सम्हाले तबदेखिनै अनुदारवादी पूर्व पञ्चहरुले उनका पिता महेन्द्रको पथमा हिँड्न उक्साइरहे ज्ञानेन्द्रलाई। अनि वि.सं. २०५९ असोज १८ गते जननिर्वाचित प्रधानमन्त्रीलाई तत्कालीन राजा ज्ञानेन्द्रले अपदस्थ गरी आफूखुशी कार्यकारी प्रमुख तोक्न थालेका थिए। आफूखुशी तोकिएका प्रधानमन्त्रीबाट समेत सन्तुष्ट नभई २०६१ माघ १९ गते मन्त्रिपरिषद्को अध्यक्षसमेत राजा नै बनेपछि आम जनतामा राजतन्त्रप्रति वितृष्णा बढ्दै गयो।

यसबीचमा पनि राजाको प्रतिगामी कदमका बिरुद्ध नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा साना राजनीतिक दल सामेल भएर आन्दोलन भइरहेको थियो। यही समयमा तत्कालीन राजा ज्ञानेन्द्रले प्रधानमन्त्री पदका लागि दरखास्त आव्हान गरेपछि नेपाली काँग्रेसबाट फुटेको काँग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा र नेकपा एमाले राजाले प्रतिगमन सच्याए भन्दै पुनः शाही सत्तामा सहभागी भए। जसका कारण आन्दोलनको स्प्रिड केही धिमा हुनपुग्यो। तर गिराजाप्रसाद कोइरालाले जनमोर्चा, नेमकिपा, सद्भावना, नेकपा माले लगायतका दलहरुलाई साथमा लिएर आन्दोलनको दियो जगाई रहनुभयो।

राजाले बिघठन गरेको संसद् पुनः स्थापनाको एकसूत्रीय मागकासाथ कोइरालाले अदम्य साहसकासाथ आन्दोलनलाई निरन्तरता दिइरहनुभएको थियो भने शसस्त्र बिद्रोही माओवादीको सम्पर्क सूत्रसँग पनि भित्रीरुपमा वार्ता गरिरहनु भएको थियो कोइराला। यो समयमा आन्दोलनको औचित्य छैन भनेर ज्ञानेन्द्रको शाहीसत्तामा बसेर रमाइरहेको देउवा गुट र एमालेले ज्ञानेन्द्रको षडयन्त्रलाई जान, अन्जान सहयोग पुर्‍याइरहेका थिए। नत्र शाहीसत्तामा प्रतिगमन सच्चियो भन्दै यी दल सहभागी नभएको भए आन्दोलन अझै चाँडै सफल हुन्थ्यो। यिनीहरुकै कारण ज्ञानेन्द्रले थप दुई वर्ष सत्ता लम्ब्याउन पाए।

जब २०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले देउवा गुट र एमालेको (राजाले नै टिको लगाई दिएको टिके सरकार) सरकार अपदस्त गरेर सम्पूर्ण सत्ता आफ्नो हातमा लिएर सम्पूर्ण सञ्चारमाध्यममाथि कब्जा र नियन्त्रण गरे। त्यसपछि मात्र देउवा गुट र एमालेलाई गिरिजाप्रसादले लिएको अडान र आन्दोलन ठीक लाग्यो। अनि गिरिजाले साना पाँच राजीतिक दलसँगको सहकार्यमा बचाइराखेको आन्दोलनमा सहभागी हुने अवसर जुट्यो। आन्दोलनको बेग तीब्र बनाउन तत्कालीन आन्दोलनरत् सात दल र सशस्त्र जनयुद्ध गरिरहेको नेकपा माओवादीबीच २०६२ मङ्सिरमा १२ बुँदे समझदारी भएपछि जनआन्दोलनको वातावरण बनेको थियो। जनआन्दोलनको माग २०५९ जेठ ८ गते विघटन गरिएको प्रतिनिधिसभा पुनःस्थापना, निरङ्कुश राजतन्त्रको अन्त्य लगायत थियो।

नेपाली काँग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा भएको आन्दोलनमा लाखौं मानिस सडकमा उत्रिएपछि २०६३ साल वैशाख ११ गते संसद् पुनःस्थापनासहित जनताले अधिकार पाएका थिए।

संसदीय फोहोरी खेल र भ्रष्टाचारमा गन्हाएका नेताहरुलाई जनताले पहिला त बिश्वास पनि गरेनन्। जब ज्ञानेन्द्रले सम्पूर्ण सत्ता आफ्नो हातमा लिएर प्रेसमाथि दमन गरे, सारा सञ्चार माध्यममा नियन्त्रण गरे, टेलिफोन, मोवाइल सबै सेवा अवरुद्ध गराए, तब नेपाली प्रेस र पत्रकारहरुको साझा छाता संस्था नेपाल पत्रकार महासंघ र त्यसको तत्कालीन नेतृत्वले प्रेस स्वतन्त्रताको विगुल फुक्यो। निरंकुशताको बिरुद्ध सञ्चालित पत्रकारहरुको आन्दोलनमा नागरिक समाज र व्यवसायी तथा सर्वसाधारणको व्यापक सहभागिता जुट्न थाल्यो। अर्थात, देउवा गुट र एमाले प्रतिगमन सच्चियो भनेर शाही सत्तामा गएपछि अन्योलमा परेको सात दलको आन्दोलनमा शाही कू पछि पत्रकारहरुले सञ्चालन गरेको आन्दोलनमा उर्जा भर्ने महत्वपूर्ण काम गरेको थियो। यही उर्जाले नै २०६३ साल बैशाख ११ गते जनताको नासो जनतालाई नै फिर्ता गर्दछु भन्ने घोषणा गर्न राजा बाध्य भएका थिए।

यसैले यस दिनलाई लोकतन्त्र दिवसका रुपमा मनाउने गरिएको छ। लोकतन्त्र स्थापना भएपछि त्यसै वर्ष जेठ ४ गते बसेको प्रतिनिधिसभाको बैठकले राजतन्त्र निलम्बनसहित महत्वपूर्ण ऐतिहासिक घोषणा गरेको थियो। यही घोषणाबमोजिम पहिलोपटक २०६४ चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन भयो। संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपालमा २४० वर्षे राजतन्त्रको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्‍यो। पहिलो संविधानसभाले संविधान बनाउन नसके पनि दोस्रो संविधानसभाबाट २०७२ असोज ३ गते संविधान जारी भई कार्यान्वयनको क्रममा छ। वैशाख ११ गतेपछि नै यो राजनीतिक विकास भएकाले प्रत्येक वर्ष यस दिन लोकतन्त्र दिवसका रुपमा स्मरण गरिन्छ। २०६३ वैशाख ११ गते अर्थात् राजाबाट खोसिएको अधिकार जनआन्दोलनको शक्तिका कारण पाएकाले लोकतन्त्र दिवसको महत्व छ।

तर, यो वर्ष कोरोना भाइरस (कोभिड) १९ का कारण सामूहिकरुपमा भेला जम्मा भएर लोकतन्त्र दिवस मनाउन नपाएपनि जनताले घर-घरमै लोकतन्त्रको संस्थागत बिकासको कामनाको तयारी गरिरहेकै थिए। यस्तैमा सत्तारुढ नेकपाका पहिलो बरियताका अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले सजिलै पार्टी बिभाजन गर्नसक्ने गरी अध्यादेश पारित गर्न मन्त्रिपरिषद्बाट निर्णय गराएर रातारात राष्ट्रपति कार्यालयबाट नाटकीय ढङ्गमा लालमोहोर लगाउन सफल हुनुभयो। यसले राजनीतिक अस्थिरता बढाउने लोकतन्त्र नै धरापमा पर्ने स्थिति आउने खतरा रहेको भनी सत्तारुढ दलकै बहुमत स्थायी समिति सदस्य र सबै राजनीतिक दलले तीब्र बिरोध गरिरहेका छन्।

प्रधानमन्त्री ओलीले पार्टी केन्द्रीय समिति र संसदीय दल दुवैको ४० प्रतिशत भए मात्र दल बिभाजन गर्न वा अर्को दलमा बिलय हुन पाइने, त्यस्तो अवस्थामा सांसद पद खारेज नहुने बलियो संवैधानिक प्रावधानलाई ध्वस्त पार्दै केन्द्रीय समिति वा संसदीय दलमध्ये एकको ४० प्रतिशत भए पार्टी फुटाउन पाउने खुकुलो व्यवस्था गरिदिनु भएको छ।

पार्टीको स्थायी समिति र केन्दीय समितिमा अल्पमतमा परेपछि ओलीले आवश्यक परे नेकपा फुटाउने तर, सत्ता नछोड्ने नियतकासाथ यस्तो अध्यादेश ल्यएको राजनीतिक बिश्लेषकहरुले चर्चा गरेका छन्। माओवादीहरुलाई धेरै किचकिच नगर जुनबाटो आएका थियौ, त्यही बाटो जाओ, हैन भने मैले भनेको मानेर बस भन्ने सन्देश दिन पनि ओलीले यस्तो गरेको हुनसक्छ।

यता केपी ओलीले पार्टी फुटाउन सजिलो हुने अध्यादेश नेकपाका लागि ल्याएको नभै मधेसवादी दल र बिपक्षी पार्टीतर्फ लक्षित रहेको बताएर नेकपाका नेता र सांसदहरुलाई आस्वास्त पार्ने प्रयत्न गरिरहेको भएता पनि त्यो कामयाव हुन सकिरहेको छैन। जसलाई फुटाउन भनेर ओलीले यो अध्यादेश ल्याउनु भयो। तिनै (राष्ट्रिय जनता पार्टी र समाजवादी) हरुले त झन् एकवद्ध भएर निर्वाचन आयोगमा जनता समाजवादी पार्टी नेपाल नामको दल विहीवार नै (२०७७ बैशाख ११) दर्ता गराए। सांसद खरिद, बिक्री, अपहरण, पद, पैसा बितरण अनेक हत्कण्डा अपनाउँदा पनि ओलीले रेणु यादवको नेतृत्वमा समाजवादी पार्टी फुटाउन नसकेपछि नेकपाभित्रै पार्टी फुटाउने अध्यादेश ल्याउनुको औचित्य पुष्टि गर्न सकिरहेका छैनन्।

सचिवालय पार्टी स्थायी समिति र केन्द्रीय कमिटीमा समेत अल्पमतमा परेपछि पार्टी बिभाजन गरेर एमाले ब्यूँताउने ग्याण्ड डिजाइन अन्तर्गत नै यो पार्टी बिभाजनलाई सजिलो हुने अध्यादेश ल्याइएको स्पष्ट हुँदैछ। त्यसैले नेकपाको स्थायी समितिको बैठक तत्काल बोलाउन र यो बिषयमा गहन छलफल गर्दै अध्यादेश फिर्ता लिन दवाब दिँदै ४५ जना स्थायी समिति सदस्य मध्ये ३० जनाले लिखित प्रस्ताव दर्ता गराइसकेको अवस्था छ नेकपाभित्र भने प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस र अन्य प्रतिपक्षी दलले लोकतन्त्रलाई कमजोर पार्ने नियतले ल्याइएको यो अध्यादेश र प्रतिपक्षी दलको नेताबिनै संवैधानिक नियुक्तिहरु गर्ने बद्नीयतले ल्याइएको अध्यादेश खारेजीको मागसहित आन्दोलनको चेतावनी नै दिइसकेको छ।

संसदीय राजनीतिमा पैसावालाहरुको पहूँच बढ्दै गएको, निर्वाचन प्रणाली खर्चिलो भएका कारण भ्रष्टाचार बढेको र पैसावालाले सुरा, सुन्दरी, संसद् खरिद बिक्री जस्ता बिसंगति फैलाएको राजनीतिक अस्थिरता बढाएको सरकारहरु स्थिर नहुँदा दिगो बिकास नभएको भन्दै संविधान निर्माणका क्रममा दलहरुले पार्टी केन्द्रीय समिति र संसदीय दल दुवैमा ४० प्रतिशत संख्या पुगेमात्र दल बिभाजन गर्न पाइने गरी अलि कसिलो प्रावधान संविधानमा राखेका हुन्। यो काम शीर्षस्थ नेताहरुको सहमतिमा राजनीतिक स्थिरताकै लागि भएको थियो। राजनीतिक अस्थिरताले छिटो-छिटो सरकारहरु परिवर्तन भइरहँदा जनतामा संसदीय व्यवस्थाप्रति नै बितृष्णको खतरा रहने सम्भावनालाई दृष्टिगत गरि गरिएको संवैधानिक प्रावधानलाई कोरोनाको यो माहारीका बेला केपी ओलीले भत्काउने दुष्प्रयास गर्नु भएको छ। ओलीको लोकतन्त्र बिरोधी यो असान्दर्भिक र आत्मघाती खेलले बिपक्षी पार्टी होइन, सत्तारुढ नेकपालाई नै सताउने निश्चितप्रायः छ।




अन्तर्राष्ट्रिय समाचार

## कोरोना संक्रमित आमाले स्वस्थ शिशु जन्माइन्

**भारत, वैशाख ११।** भारतको पश्चिम बंगालस्थित एक अस्पतालमा एकजना कोरोना संक्रमित आमाले स्वस्थ बच्चा जन्माएकी छिन्। उनी कोरोनाको संक्रमण भएपछि अस्पतालमा उपचाररत् छिन्।

उनले जन्माएको शिशुमा कोरोना संक्रमण भए नभएको परीक्षण गरिएको थियो। तर, ती शिशुको परीक्षणबाट उनको रिपोर्ट नेगेटिभ आएको बताइएको छ। पश्चिम बंगालको उलुबेरिया भन्ने स्थानमा रहेको अस्पतालमा उनले शिशु जन्माएकी हुन्। शिशुमा कोरोनाको संक्रमण देखिएको छैन र उनलाई आमाभन्दा छ फिट पर राखिएको जनाइएको छ।

आमा र नवजात शिशुको उपचारका लागि उक्त अस्पतालले चिकित्सकहरुको विशेष टोली खटाएको जनाएको छ। उक्त टोलीमा प्रसूति रोग विशेषज्ञहरुका साथै भाइरल रोगका विशेषज्ञहरु पनि रहेको बताइएको छ।

समाचारमा जनाइए अनुसार ती आमाले जन्म दिने नवजात शिशुमा पनि कोरोनाको संक्रमण हुने हो कि भन्ने ठूलो त्रासमा त्यहाँका चिकित्सक र स्टाफ नर्सहरु रहेका थिए। तर, पनि बच्चा जन्मिए पछि उनको परीक्षणबाट ती शिशु संक्रमित नरहेको समाचारले भने अस्पतालमा खुशी दिलाएको बताइएको छ।

त्यसैले ती शिशुलाई पनि सामाजिक दुरी कायम गरेर आमाभन्दा ५ फिट पर राखिएको छ भने आमा र बच्चाको स्याहार र उपचारमा चिकित्सकहरुको विशेष टोली खटाइएको छ।

ती आमाले सोमबार शिशुलाई जन्म दिएकी हुन्। नवजात शिशु २.५ किलोग्राम वजनको र स्वास्थ्य अवस्थामा रहेको सो अस्पतालले जनाएको छ।

त्यस अस्पतालमा अरु पनि कोरोनाका संक्रमितहरुको उपचार जारी रहेको सो अस्पतालले जनाएको छ। ती आमालाई उक्त शिशुलाई दूध चुसाउन दिइएको छ। आमा छोराको उपचार र हेरचाहका लागि अस्पतालका केही कर्मचारी खटाइएको छ। शिशु र उनको आमालाई उनको बुबाले भिडियो कन्फ्रन्सिङमार्फत हेर्ने व्यवस्था मिलाइएको थियो।

## बंगलादेशमा लकडाउन वैशाख २३ सम्म

**ढाका, वैशाख ११।** बंगलादेश सरकारले कोरोनाभाइरस संक्रमित संख्या बढेको भन्दै देशव्यापी लकडाउनलाई आगामी वैशाख २३ गतेसम्म लम्ब्याएको छ।

बंगलादेशका सामान्य प्रशासन राज्यमन्त्री फरहाद होसेनले कोरोनाभाइरसको विस्तार रोक्न लकडाउन एकमात्र उपयुक्त विधि देखिएको भन्दै बिहीबार नै यससम्बन्धी सूचना राजपत्रमा प्रकाशन गरिने बताए।

कोरोनाभाइरस महामारीको अवस्थामा सामाजिक दूरी सुनिश्चित गर्न सरकारले मार्च २६ देखि १० दिनका लागि सार्वजनिक विदा दिएको थियो।

कोरोनाको संक्रमण बढ्दै गएसँगै उक्त विदालाई क्रमशः विस्तार गर्दै अप्रिल २५ सम्म पु-याइएको थियो। अर्को सातासम्ममा मानिसको आवातजावत, सार्वजनिक यातायातको बन्दाबन्दी तथा सबै व्यवसाय बन्द गरिएको एक महिना पुग्नेछ। करिब १७ करोड जनसंख्या रहेको बंगलादेशमा बुधबारसम्ममा कोरोनाभाइरसका कारण १२० जनाको मृत्यु भएको छ भने तीन हजार ७७२ जना संक्रमित भएका छन्।

## भारतमा २१ हजारभन्दा बढी संक्रमित

**भारत, वैशाख ११।** भारतमा एक हजार ४०९ कोरोना भाइरसका नयाँ संक्रमित थपिएको जनाइएको छ।

बिहीबार बिहानको तथ्यांक अनुसार भारतमा 'कोविड १९' का संक्रमितहरूको संख्या २१ हजार ३९३ जना पुगेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

उक्त मन्त्रालयका अनुसार भारतभर गएको २४ घण्टायता मृत्यु हुनेको संख्या ४१ जना रहेको छ। योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ६८१ पुगेको छ।

भारतमा देखिएका यी संक्रमितहरूमध्ये ४ हजार २५७ जना भने उपचारपछि निको भएर फर्किएका छन्। मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ १६ हजार ४५४ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन्।

शुरुदेखि नै भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रूपमा रहेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

महाराष्ट्र राज्यमा मात्र संक्रमितहरूको संख्या ५ हजार ६५२ जना पुगेको उक्त मन्त्रालय बताएको छ। यसैबीच महाराष्ट्रमा २६९ जनाको निधन भएको छ।

महाराष्ट्रपछि दिल्ली र गुजरातमा यस भाइरसको संक्रमण उच्च मात्रमा देखिएको छ। कल्याण मन्त्रालयले दिएको जानकारी अनुसार दिल्लीमा २ हजार २४८ र गुजरातमा २ हजार ४०७ मा कोरोना भाइरसको संक्रमण देखिएको छ।

भारतमा यसरी दिन प्रतिदिन नयाँ-नयाँ संक्रमितहरू थपिँदै जानु चुनौतिपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्। भारतको राजस्थान, तामिलनाडू, मध्यप्रदेश र केरला राज्यमा उच्च संख्या कोरोना संक्रमित रहेका जनाइएको छ।

भारतमा संक्रमण बढदै गएपछि सरकारले कोरोना भाइरस (कोविड-१९) को संक्रमण रोक्नको बन्दाबन्दी (लकडाउन) लाई आगामी मे महिनाको ३ तारिखसम्म लम्ब्याएको घोषणा गरेको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिना घोषणा गरेको २१ दिने लकडाउनको अवधि समाप्त हुँदै गरेको अवस्था पुनः १९ दिनको लकडाउनलाई जोडिएको घोषणा गरेका थिए।

# बिर्तामोडका प्रसाई दम्पत्तिद्वारा रोङवासीलाई सहयोग



**बिर्तामोड, वैशाख ११ ।** झापा विर्तामोड -१ निवासी ओमभक्त प्रसाईं र दीपालक्ष्मी प्रसाईंले इलामको रोङ गाउँपालिका वडा नम्वर -६ का कोरोना भाइरस प्रभावित विपन्न परिवारलाई खाद्यान्न प्रदान गरेका छन् । प्रसाईंले १० क्वीन्टल चामल, ५० लिटर खाने तेल र सय केजी नुनलगायतका सामाग्री प्रदान गरेका हुन् ।

विश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड-१९ को कोरोना भाईरसको संक्रमणबाट बच्न नेपाल सरकारले गत चैत ११ गतेदेखि जारी गरेको लकडाउनका कारण श्रम गर्न नपाई भोकमरीको चपेटामा परेका रोङ गाउँपालिका वडा नम्वर -६ का कोरोना भाइरस प्रभावित विपन्न परिवार भोकै बस्नु नपरोस् भन्ने उद्देश्यले खाद्यान्न प्रदान गरेको उनले बताए ।

उक्त सामाग्री रोङ गाउँपालिकाका प्रवक्ता तथा वडा नम्वर -६ का अध्यक्ष मणिकुमार स्याङ्वो सुवासलाई प्रसाईंले हस्तान्तरण गरेका थिए ।

रोङ गाउँपालिकाले राहत वितरणमा लागू गरेको एकद्वार प्रणाली अर्न्तगत रोङ गाउँपालिकाले बनाएको कोरोना भाइरस प्रभावितलाई राहत वितरण कार्यविधि २०७६ को मापदण्ड बमोजिम कोरोना भाइरस प्रभावित विपन्न परिवारलाई राहत वितरण गरिएको वडाध्यक्ष स्याङ्वोले बताए ।

कोरोना भाइरस कोभिड-१९ को महामारीका कारण यतिवेला विपन्न परिवार भोकभोकै वस्नु परेको अवस्थामा सामाजिक उत्तरदायित्व तथा मानवीय सेवा सम्झेर आफूले सहयोग गरेको प्रसाईंले बताए । उनले यस विपत्तिको सबै मिलेर सामना गर्नुपर्ने बताए ।

सामाजिक कार्यमा सक्रिय प्रसाईले यसअघि पनि विभिन्न संघसंस्थालाई सहयोग गर्दै आइरहेको बताइएको छ ।

# स्थानीय तहलाई सामाजिक संस्थाको सहयोग

**गणेश अर्याल**

**इलाम, वैशाख ११।** इलामका स्थानीय तहमा बिभिन्न सामाजिक संघ सस्थाले बर्तमान अवस्था अनुकूलको स्वास्थ्य सामाग्री प्रदान गर्न थालेका छन् ।

नेपाल राष्ट्रिय बन पैदावार महासंघ इलामले इलामको रोङ गाउँपालिकालाई आर्थिक सहयोग गरेको छ । बनपैदावार महासंघका अध्यक्ष रोहित खड्काको नेतृत्वमा आएको टोलीले गाउँपालिकाका अध्यक्ष शमसेर राई, उपाध्यक्ष चन्द्रकला राई र प्रमुख प्रशासकीय अधिकृत प्रदीप गौतमलाई नगद १५ हजारको चेक र स्वास्थ्यकर्मीले लगाउने ३ थान पीपीई हस्तान्तरण गरेको थियो । नगद र सामाग्री ग्रहण गरेपछि गाउँपालिकाका अध्यक्ष राईले कोरनाले सिर्जित यो अवस्थामा बिभिन्न सहयोगी संस्थाहरुले सहयोग गरेकोमा आभार व्यक्त गरे ।

उनले लकडाउन कति समय लम्बिने हो केही थाहा नभएकाले फेरि पनि सहयोग आवश्यक पर्न सक्ने भएकाले सहयोग गरिदिन बन पैदावार महासंघ इलामका पदाधिकारीलाई आग्रह गरेका थिए ।

त्यस्तै सानिमा माई हाईड्रोपावर लिमिटेडले माई नगरपालिका स्वास्थ्य शाखालाई स्वास्थ्य सामाग्री प्रदान गरेको छ । सानिमा माई हाइड्रोपावर कम्पनीले माई नगरपालिकालाई स्वास्थ्य उपकरण हस्तान्तरण गरेको हो ।

कोरोना भाइरसको संक्रमणबाट स्वास्थ्यकर्मी तथा स्थानीय नागरिकलाई सुरक्षित राख्न हाईड्रोपावरले तीन थान थर्मलगन र २५ थान पीपीई सेट प्रदान गरेको सानिमा माई हाईड्रोपावर माईका जनसम्पर्क तथा वातावरण अधिकृत देवराज गुरागाँईले जानकारी दिए । सानिमाका अधिकृत गुरागाँई र सहायक अधिकृत दलबहादुर मगरले माई नगरपालिका स्वास्थ्य संयोजक पुष्कर कट्टेलमार्फत नगरलाई स्वास्थ्य सामाग्री प्रदान गरेका हुन् ।



स्वास्थ्य सामाग्रीको अभावमा स्थानीय स्वास्थ्यकर्मीहरु जोखिममा रहेको भन्दै माईका मेयर दीपककुमार थेबेले अनुरोध गरेपछि स्वास्थ्य शाखा संयोजक पुष्कर कट्टेलको समन्वयमा सानिमाले ती सामाग्री प्रदान गरेको अधिकृत गुरागाँईले जानकारी दिए । सुरक्षित र स्वस्थ राख्ने सामाग्री प्रदान गरेकोमा संयोजक कट्टेलले सानिमा माई हाईड्रोपावर लिमिटेडलाई धन्यबाद दिएका थिए ।

सानिमा माई हाईड्रोपावर लिमिटेड माई नगरपालिका वडा नम्बर १, ३ र ९ मा रहेको छ । काठमाडौ मुख्य कार्यालय रहेको यस हाईड्रोपावरको साईड अफिस माईमा रहेको सञ्चारकर्मी बिमल दाहालले बताएका छन् ।

त्यस्तै नेपाली कांग्रेस रोङ गाउँ कार्य समिति इलामले गाउँपालिकालाई पुनः ५० क्वीन्टल चामल उपलब्ध गराएको छ । यसअघि अति विपन्न परिवारलाई लक्षित गर्दै ५० क्वीन्टल चामल उपलब्ध गराएको कांग्रेसले पुनः ५० क्वीन्टल चामल उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ ।

कोरोना भाईरसको संक्रमणबाट बच्न नेपाल सरकारले जारी गरेको लकडाउनका कारण श्रम गर्न नपाई भोकमरीको चपेटामा परेका गरिव तथा विपन्न परिवारका लागी भन्दै हालसम्म ४ लाख १० हजार बराबरको १०० क्वीन्टल चामल गाउँपालिकालाई उपलब्ध गराइएको कांग्रेस गाउँ कार्य समिति सचिव एगा अर्यालले बताए ।

# कोरियामा रहेका नेपालीलाई पनि राहत

**झापा, वैशाख ११।** कोरोना माहामारीको कारण दैनिक जीवनयापन गर्न असहज भएकाले दक्षिण कोरियाको एक प्रान्तीय सरकारले आफ्ना नागरिकलाई दिँदै आएको राहत अब विदेशीलाई पनि दिने भएको छ । यसबाट नेपालीले पनि राहत पाउने बताइएको छ ।

दक्षिण कोरियाको ख्याङ्गिदो प्रान्तीय सरकारले वैवाहिक प्रवेशाज्ञा हुनेहरूलाई र सो प्रान्तमा स्थायी बसोबास गर्ने सबै विदेशीलाई सरकारी राहत उपलब्ध गराउने भएको हो । कोरियामा महामारी फैलिएको बखतदेखि नै दैनिक जीवनयापन गर्न सहज होस् भनी आफ्नो नागरिकलाई प्रान्तीय सरकारले एक लाख कोरियाली वन राहतस्वरुप दिँदै आएको थियो ।

अबदेखि उक्त राहत एफ छ र एफ ट प्रवेशाज्ञा भएका विदेशीलाई पनि दिने निर्णय गरिएको हो । निर्णयानुसार एफ छ र एफ ट प्रवेशाज्ञा भएका नेपालीले पनि अब उक्त राहत पाउने छन् ।

यसअघि कर विदेशीसँग पनि लिने तर राहत बाँड्ने बेलामा भेदभाव गरेको भनी प्रान्त सरकारले बाँड्ने राहत विदेशलाई पनि दिनुपर्छ भन्दै हस्तारक्षर संकलन गरिएको थियो । तीन हप्तामा १४ हजार हस्ताक्षर प्रान्तीय सरकारको सरकारी वेबसाइट जम्मा भएको थियो । तथ्यांक अनुसार ख्याङ्गिदो प्रान्तमा ६० हजारभन्दा बढी स्थायी तथा ४८ हजारभन्दा बढी वैवाहिक प्रवेशाज्ञामा बसेका विदेशी नागरिक छन् ।

## तमोरमा एक जना बेपत्ता

**ताप्लेजुङ, वैशाख ११।** ताप्लेजुङको त्रिवेणी गाउँपालिका-२ फूलवारीका १७ बर्षीय मनोज काङबाङलाई तमोर नदीले बगाउँदा बेपत्ता भएका छन् ।

तमोर नदीमा माछा मार्न जाल थाप्ने क्रममा अचानक नदीले बगाउँदा बेपत्ता भएका काङबाङको खोजतलास भईरहेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

# सशस्त्रका एसपीद्वारा आगजनी

**विनोद सापकोटा**

**शिवसताक्षी, वैशाख ११।** झापाको कमल गाँउपालिकामा सशस्त्र प्रहरीका एसपीले स्थानीय एक व्यक्तिको निजी सम्पतिमा गत बुधबार साँझ आगजनी गरिदिएका छन् ।

सशस्त्र प्रहरीको प्रहरी जवान शिक्षालय कमल- ५ का सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सुधिरजङ्ग थापाको निर्देशनमा स्थानीय पुर्णबहादुर माझीको पुराना काठ-पातमा आगजनी भएको हो । एसपी थापाले २०/२५ जनाको सशस्त्र प्रहरी लगाएर काठपातमा आगजनी गरिदिएको वडा अध्यक्ष डम्बरबहादुर निरौलाले बताए । उनका अनुसार माझीले पुरानो घर भत्काएर फुकालेका काठपात राखिएका ठाँउमा सशस्त्र प्रहरीले आगजनी गरिदिएको हो ।

माझी २०५४ सालदेखि त्यहाँ बसोबास गर्दै आएका थिए । रतुवा खोलाको बाढीले विस्थापित गरेपछि तत्कालीन प्रमुख जिल्ला अधिकारीको अनुमतिमा स्थानीय प्रशासनले माझी लगायतका १५ घर परिवारलाई त्यहाँ राखेको थियो ।



२०५९ सालमा सशस्त्र प्रहरीको पाथीभरा गण स्थापना भएपछि माझी लगायतका गाँउलेले उपभोग गर्दै आएको जग्गा गणलाई प्रदान गरिएको थियो । स्थानीय जानकारका अनुसार सुकुम्बासीको बसोबास भएको सो क्षेत्रमा अर्को व्यवस्था नभएसम्म गाउँलेलाई त्यहीँ राख्ने सहमति थियो । उक्त जग्गा नेपाल सरकारको हो ।

सशस्त्र प्रहरीले यसअघि स्थानीय गाउँलेलाई उक्त जग्गा खाली गर्न पटकपटक दबाब दिँदै आएको पीडितले बताएका छन् । 'पुरानो घर भत्काएर निकालिएका काठपात खाली जमिनमा राखिएको थियो । सशस्त्र प्रहरीका हाकिम आएर एक्कासी आगजनी गरिदिनुभयो - उनले भने ।

वडा अध्यक्ष निरौलाका अनुसार सशस्त्र प्रहरीका एसपीको सनकले एक जना गरिबको निजी सम्पत्तिमा आजगनी भएको हो । 'आगजनी भइरहँदा म पुगेको थिएँ । त्यहाँ एसपी साहेव आफैं हुनुहुन्थ्यो । के गर्नु भएको यो ? भनेर सोद्धा तालिमकेन्द्रको जग्गामा काठपात राखेको थियो, हटाउनुहोस् भनेर पटक-पटक भन्यौ । नटेरेपछि आगो लगाइदिएको भनेर गैर जिम्मेवार जवाफ दिनुभयो - वडा अध्यक्ष निरौलाले भने ।

वडा अध्यक्ष निरौलाका अनुसार माझीको परिवार अति विपन्न हो । उनलाई बन्दाबन्दीका कारण जीवन चलाउन मुस्किल परेको बेला गाउँपालिकाले राहत पनि दिएको थियो । गाउँका अन्य घरमा जस्तापाताको छाना हुँदा उनका घरमा खरको थियो । पालिकाले ५० हजार अनुदान दिएर माझीले अब बन्ने नयाँ घरमा जस्ता लगाउने तयारी गरेका थिए ।

स्थानीयका अनुसार आगो निभाउने क्रममा २१ वर्षीय लक्ष्मण माझी र ५८ वर्षीय तोस्तादेवी कोइरालालाई सशस्त्र प्रहरीले कुटपिट समेत गरेका थिए । वडा अध्यक्ष लगायतका जनप्रतिनिधि घटनास्थल पुगेको केहीबेरपछि एसपी लगायतको टोली तालिमकेन्द्र गएको थियो ।

# लकडाउनमा झापामा १३ सवारी दुर्घटना

**काँकरभिट्टा, वैशाख ११।** झापामा लकडाउनको अवधिमा पनि भएका सवारी दुर्घटनामा परी दुईजनाको ज्यान गएको छ भने २० जना घाइते भएका छन् ।

विश्वभर आतंकका रुपमा रहेको नोवल कोरोना भाइरस (कोभिड -१९) को संक्रमण फैलन



नदिन र नियन्त्रण गर्ने उद्देश्यले नेपाल सरकारले चैत ११ गतेदेखि घोषणा गरेको थियो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका अनुसार चैत ११ गतेदेखि बैशाख ११ गतेसम्म एक महिनाको अवधिमा झापाका विभिन्न स्थानमा भएका १३ वटा सवारी दुघर्टनामा परेर दुई जनाको मृतयु भएका छ भने २० जना घाइते भएका छन् ।

नेपाल सरकारले पहिलो पटक घोषणा गरेको चैत ११ गते लकडाउन घोषणा गरेकै दिन झापाको पूर्वपश्चिम लोकमार्ग अन्तर्गत कमल गाउँपालिका– ५ सडकखण्डमा मोटरसाइकलको ठक्करबाट करीव ६५ वर्षीय पुरुषको मृत्यु भएको ट्राफिक प्रहरी निरीक्षक प्रकाश जवेगूले जानकारी दिए । उनको नाम थर वतन नखुलेको र सडकमै हिँडिरहने मानिस भएको प्रहरी निरीक्षक जवेगूको भनाइ छ ।

यसैगरी चैत २० गते पूर्वपश्चिम लोकमार्ग अन्तर्गत कमल गाउँपालिका–६ सडकखण्डमा भएको सडक दुर्घटनामा परी पैदल यात्री सिराहा सुखीपुर –१ की अन्दाज ४५ वर्षीया पानु मण्डलको ज्यान गएको थियो । उनलाई ठक्कर दिने सवारी साधन हालसम्म फेला नपरेको प्रहरीले जनाएको छ । झापामा भएका सवारी दुर्घटनामा परी २० जना घाइते भएको सवैको अवस्था सामान्य रहेको कार्यालयले जनाएको छ ।

## हातमा पटका खेलाएपछि...

**झापा, वैशाख ११।** गोरखाको शहीद लखन गाउँपालिका-७ स्थित गरञ्जागाउँमा पटका पड्काउँदा एक युवक घाइते भएका छन् ।

घाइते युवकको हातको औंला चुँडिएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) ओमप्रसाद अधिकारीले जानकारी दिए ।

घरमा राखिएको पटका हातमा राखेर खेलाउने क्रममा पड्किएर २० वर्षीय अनिल थापा घाइते भएको एसपी अधिकारीले बताए ।

**पत्रिका समयमा पाउनु भएको छैन ?**

**मो. ९८०७९१०२२२**
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३–५४६६८३/९८२६९२०००१
इलामः ०२७–५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाऊ**
छापावाला सुन : ७७,०००।–
तेजावी सुन : ७६,७००।–
असल चाँदी : ७२५।–

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**
सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३–५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**
**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३–५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**
दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । साझेदारीबाट पनि लाभ मिल्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पारिवारिक आवश्यकता पूर्ति होला । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोगबाट विशेष लाभ मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मेहनतले सजिलै लक्ष्यमा पुऱ्याउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउने छन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । व्यवसायमा सोचेको प्रगति हुनेछ । मानसम्मान समेत दिलाउन सक्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ । दिगो फाइदा हुने योजना बन्न सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आफूलाई लाभ नभए पनि सानो प्रयत्न गर्दा सामाजिक काम बन्नेछ । अवसरवादीहरूबाट सजग रहँदै गोपनीयतामा ध्यान पुऱ्याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ । दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** चुनौतिपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ने समय छ । अस्वस्थताले लक्ष्यमा पुग्न समस्या पर्नेछ । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ने समय छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ । सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समस्या दर्साउँदा सहयोगीहरूबाट साथ पाइनेछ । परिस्थिति विचार गरेर मात्र नयाँ काम थालनी गर्नुपर्ला । केही बढी खर्च हुने देखिएको छ ।